राष्ट्रिय साप्ताहिक
# जनजिब्रो
Janajibro National Weekly

वर्ष– २९, अङ्क– ११, असोज १९ गते शुक्रबार, २०८० (06 October, 2023) | www.janajibro.com | मूल्य रु. १०।-

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञावर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

# जनसुरक्षामा चनाखो रहन गृहमन्त्रीको निर्देशन

## समाजको विविधतामा एकता र मौलिक पहिचानमा खलल पुर्‍याउने दुःचेष्टाप्रति आपत्ति

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले जनताको सुरक्षाप्रति चनाखो रहन गृहप्रशासन मातहतका अधिकारीहरुलाई निर्देशन दिएका छन् । आमजनतामा सुशासनको प्रत्याभूति गराउनु सरकार र गृहप्रशासनको पहिलो दायित्व रहेको धारणा व्यक्त गर्दै गृहमन्त्री श्रेष्ठले उक्त निर्देशन दिएका हुन् ।



गृह मन्त्रालयद्वारा महोत्तरीको बर्दिबासमा आयोजित समसामयिक सुरक्षासम्बन्धी मधेस प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमबीच उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले आमसुरक्षा व्यवस्था खलबलिन नदिन चनाखो रहनुपर्ने उल्लेख गरेका थिए । 'पछिल्लो कालमा नेपाली समाजको विविधतामा एकता र मौलिक पहिचानमा खलल पुर्‍याउने दुःचेष्टा ठाउँ-ठाउँमा देखिएका छन्' उनको भनाइ थियो- 'यसलाई प्रेम र सदभावको डोरीमा नचुँडिने गरी गाँस्न जरुरी छ ।' मुलुकका विभिन्न क्षेत्रसहित मधेसमै पनि सामाजिक एकता, सदभाव र सहिष्णुता तोड्ने मनसायले जालीझेलीहरुको प्रयत्न देखिएको र त्यसलाई नेपाली नेपालीबीचको एकताले निस्तेज बनाउन आवश्यक रहेको समेत गृहमन्त्री श्रेष्ठको भनाइ थियो । मुलुकमा राजनीतिक परिवर्तन भए पनि सामाजिक न्याय र आर्थिक समृद्धिको पाटोमा धेरै काम गर्न बाँकी रहेको चर्चा गर्दै उनले यस क्षेत्रका जनअपेक्षा पूरा गर्न सरकार दृढताका साथ अघि बढेको समेत बताए । मुलुकका सामू भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, सामाजिक एकताको जगमा राष्ट्रिय एकता र संविधानको रक्षा गर्दै यसलाई अझ उन्नत बनाउन पर्ने कार्यभार रहेको श्रेष्ठको विश्लेषण थियो ।

'केही तत्त्व अहिले सामाजिक र धार्मिक सदभाव बिथोल्दै त्यसभित्र खेल्न उद्यत देखिन्छन्' गृहमन्त्री श्रेष्ठको भनाइ थियो 'वर्तमान संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रविरुद्धको यो प्रयत्न

क्रमशः अन्तिम पृष्ठमा

# पेट्रोलियम मूल्यवृद्धि फिर्ता गर्न प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले पछिल्लो पटक भएको पेट्रोलियम पदार्थमा मूल्यवृद्धि फिर्ता गर्न नेपाल आयल निगमलाई निर्देशन दिएका छन् । मन्त्रिपरिषद्को बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले प्रधानमन्त्रीले निगमलाई मूल्यवृद्धि फिर्ता लिन निर्देशन दिएको जानकारी दिएकी हुन् ।

'प्रधानमन्त्रीले नेपाल आयल निगमलाई आजै मूल्यवृद्धिको निर्णय फिर्ता गर्न निर्देशन दिनुभएको छ' प्रवक्ता शर्माले भने- 'निगम स्वचालित मूल्य प्रणालीमा गए पनि चाडबाडको समयमा मूल्यवृद्धिले जनतालाई समस्यामा पार्ने विषयलाई मध्यनजर गर्दै प्रधानमन्त्रीले उक्त निर्देशन दिनुभएको हो ।' निगमले साविककै मूल्य कायम गर्दै सूचना निकाल्ने जानकारी समेत मन्त्री शर्माले दिएकी हुन् ।

केही दिनअघि नेपाल आयाल निगमले पेट्रोल र  डिजलमा प्रतिलिटर ६ रुपैयाँ, मट्टितेलमा प्रतिलिटर २ रुपैयाँ, हवाई इन्धन आन्तरिक र अन्तर्राष्ट्रिय दुवैमा प्रतिलिटर ८ रुपैयाँ बढाएको थियो भने एलपी ग्यासमा प्रतिसिलिण्डर २ सय १५ रुपैयाँले बढाउने निर्णय समेत सोही मितिमा गरेको थियो ।

# सुन तस्करी छानबिन गर्न आयोग गठन

***काठमाडौं ।*** *सरकारले सुन तस्करी प्रकरणमा छानबिन गर्न उच्चअदालतका पूर्वन्यायाधीश डिल्लीराम आचार्यको संयोजकत्वमा चार सदस्यीय छानबिन आयोग गठन गरेको छ । मन्त्रिपरिषदको बैठकले किशोरजंग कार्की, प्रेमराज जोशी र सहकुल थापा सदस्य रहेको आयोग गठन गरेको हो ।*


*सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले मन्त्रिपरिषदको सोही बैठकले तीन महिनाको समय दिएर आयोग गठन जानकारी दिइन् । 'सुनको अवैध पैठारी तस्करीको नियन्त्रण गर्न सुझावसहितको प्रतिवेदन पेश गर्न जाँचबुझ आयोग गरिएको छ' मन्त्री शर्माको भनाइ थियो ।*

*प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रमुख प्रतिपक्षी दल ( नेकपा) एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलपछि आयोग गठन गर्ने निर्णय भएको थियो । सुन तस्करी प्रकरणका सम्बन्धमा एमालेसहितका दलले उच्चस्तरीय छानबिन आयोगको माग गर्दै आएकोमा गत भदौ ६ गते सरकार र राजनीतिक दलबीच असोज ५ सम्म उच्चस्तरीय छानबिन आयोग गठन गर्ने र सोही दिनदेखि आयोगले काम गर्ने सहमति भएको थियो ।*

*प्रतिनिधिसभाको आगामी बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आयोग गठनको निर्णयबारे सदनलाई जानकारी गराउने तय भएको छ । यसअघि नै प्रधानमन्त्री दाहाल र एमाले अध्यक्ष ओलीबीच छलफल भएको छलफलपछि प्रधानमन्त्री दाहालले सत्तारुढ दलसँग समेत छलफल गरेका थिए । संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलमध्ये राष्ट्रिय स्वतन्त्र पार्टीबाहेकका सबै दलको उक्त छलफलमा उपस्थित रहेका थिए ।*

# आमा– १७

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



धारावाहिक उपन्यास
म्याक्सिम गोर्की

"पेलागेया नीलोभ्ना, हुन सक्छ तपाईंलाई यो कुरा सुन्दा दुःख लाग्ला तैपनि भन्छु, मैले पाभेललाई धेरै राम्ररी चिनेको छु- ऊ कदापि जेलबाट भाग्न तयार हुनेछैन । ऊ चाहन्छ, उसमाथि मुद्दा चलाइयोस् । ऊ सबको अगाडि उभिएर आफ्नो विचार व्यक्त गर्न चाहन्छ आफ्नो परिचय दिन चाहन्छ र उसले यस्तो मौका कदापि गुमाउनेछैन, फेरि यस्तो मौका छोड्ने नै किन ? बरु ऊ साइबेरियाबाट भाग्नेछ ।"

"के गर्नु र ? के गरे राम्रो हुन्छ ऊ आफैंलाई थाहा छ ।"- आमाले सुस्केरा हाल्दै भनिन् ।

"हँ ।"- निकोलाइ एकछिन चुप लाग्यो र आफ्नो चश्मा पछाडिबाट आमालाई हेर्दै भन्यो - "मलाई यस्तो लाग्छ, तपाईंले भन्नुभएको त्यो किसान छिट्टै यहाँ आइपुग्नेछ । हामीले किसानहरूको लागि रीबिनबारे एउटा पर्चा तयार

क्रमशःदोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- ११, असोज १९ गते शुक्रबार, २०८०

## सम्पादकीय

# सुन तस्करी : 'संसदीय छानबिन' को हास्यास्पद अभ्यास

वि.सं. २०४६ को राजनीतिक परिवर्तनयता संसदीय अभ्यासका अनेकौं विकृत परिघटनाहरू देखिँदै आएका छन् । र, त्यो क्रम अझ पनि जारी नै छ। यसको पछिल्लो उदाहरणका रूपमा देखापरेको छ- सुन तस्करी प्रकरणको 'छानबिन' गर्न हालै गठन भएको 'संसदीय छानबिन समिति' ।

व्यक्ति, समाज र मुलुकमा घटित हुने प्रायः सवै कामकाजलाई नियमन, नियन्त्रण र व्यवस्थापन गर्ने कानुनहरू छन्, नभए बनाइन्छन्/बनाइनुपर्छ। तत्तत् कानुनहरूको परिपालना भए-नभएको निर्क्योल गर्ने अदालत, विभिन्न आयोगहरू र अनेकौं सरकारी निकाय छन्, नभए बनाइन्छन्/बनाइनुपर्छ। भैपरी आउने र अकस्मात घटित हुने कुनै-कुनै खास सन्दर्भहरूमा भने संसदीय वा विषयविज्ञ सम्मिलित छानबिन समिति बन्न सक्दछन् । तर, नेपालमा भने राज्यका नियमित र अख्तियार प्राप्त निकायहरूका कामकाजमै प्रतिकूल प्रभाव पर्ने गरी, तिनको ठाडै मानमर्दन हुने गरी र तिनको औचित्य एवं प्रभावकारितामाथि गम्भीर प्रभाव पर्ने गरी 'संसदीय छानबिन समिति' गठन गरेर घटनाक्रमलाई विषयान्तर गर्ने विकृत अभ्यास निरन्तर हावी हुँदै आएको छ। तर, त्यस्ता समितिहरूको कुनै कानुनी हैसियत, तिनका निष्कर्षको कार्यान्वयन र परिणाम प्राप्ति भने शून्य नै देखिँदै आएको छ।

राज्यका निकायहरूले तदारुकताका साथ अनुसन्धान र कारबाही अगाडि बढाइरहेको सुन तस्करी प्रकरणलाई विषयान्तर गरी तस्करहरूमाथि कारबाही हुनबाट रोक्ने तथा तुच्छ राजनीतिक अहम्को तुष्टि गर्ने प्रयासस्वरूप हालै मात्र फेरि अर्को 'छानबिन समिति' गठन हुनु आपत्तिको विषय भएको छ।

## ... आमा- १७

गर्नुछ। यसले उसलाई हानि पुऱ्याउँदैन किनभने ऊ आफैं ठाडो कुरा भन्न डराउँदैन। म आजै लेखिसिध्याउँछु लुद्मीलाले तुरुन्तै छापिदिइहाल्छिन्। तर पर्चा कसरी त्यो गाउँमा पुऱ्याउने हो ?"

"म पुऱ्याइदिन्छु..।"

"होइन, होइन पर्दैन, धन्यवाद छ। - निकोलाइले हतारिँदै भन्यो - "मलाई लाग्छ, भेसोभशिकोभलाई पनि लगाउने हो कि यस काममा, हँ ?"

"मैले कुरा गरेर हेर्छु।"

"कुरा गरेर हेर्नोस्, राम्ररी सम्झाइ दिनुहोस् ।"

"अनि मैले के गर्ने त ?"

"धन्दा नमान्नोस्, तपाईंको लागि पनि कुनै काम भेट्टाइहाल्छौं ।"

निकोलाइ लेख्न बस्यो। आमाले टेबुल सफ गर्दै कर्के आँखाले उसलाई हेरिन्। उसको हातको कलम सेतो कागजमा काला हरफहरू कोर्दै दौडिरहेको थियो। बेलाबेलामा उसको गर्धनको छाला फड्कन्थ्यो। ऊ आँखा बन्द गरेर टाउको पछाडि अँठ्याउँथ्यो, त्यसबेला उसको चिउँडो काँप्थ्यो। यो देखेर आमालाई चिन्ता लाग्यो।

"लौ तयार भयो।"- उसले उभिँदै भन्यो - "तपाईं अहिलेलाई यो कागज कतै आफ्नो जीउमा लुकाएर राख्नोस्, तर याद राख्नुहोला पुलिसहरू आइपुगे भने तपाईंको जीउ समेत छाम्न सक्छन् ।"

"कस्ता पापीहरू त।"- आमाले शान्त भावले जवाफ दिइन्।

साँझपख डाक्टर इभान दानीलोभिच आइपुग्यो।

"यी हाकिमहरू किन एक्कासि यस्तरी अलबलाएका हुँ ?"- उसले कोठामा ओहोरदोहोर गर्दै सोध्यो - "हिजो राती मात्रै सात घरको तलासी लिए। बिरामी खै त ?"

"ऊ त हिजै हिंडिसक्यो।"- निकोलाइले जवाफ दियो। "आज शनिबार उसको अध्ययन मण्डली छ उसले छोड्न चाहेन...।"

"यो त सोऱ्है आना मुर्ख्याईं भैहाल्यो नि, फुटेको टाउको लिएर अध्ययन मण्डलीमा जानु...।"

"मैले निकै मनाएको थिएँ, तर माने पो......।"

"साथीहरूको अगाडि फूर्ति लाउन दौडेको होला।"- आमाले भनिन्- "उसले यो देखाउन खोजेको होला.. 'यी हेर न, मैले आफ्ना रगत समेत बगाएर पनि...'।"

डाक्टरले आमाको अनुहारमा हेऱ्यो र बनावटी कठोरता सहित भन्यो -

"तपाईं पनि कति निष्ठुरी हुनुहुन्छ।"

"लौ इभान, यहाँ तिम्रो कुनै काम छैन, हामीकहाँ पाहुना आउने भएका छन्, तिमी अब गए हुन्छ। पेलागेया नीलोभ्ना, खोइ त्यो पर्चा उहाँलाई दिनोस् त।"

"फेरि कुन कागज नि ?" - डाक्टरले अचम्म मान्दै सोध्यो।

"हो, अर्को एउटा पर्चा तुरुन्तै लगेर प्रेसमा दिइहाल।"

"हुन्छ, पुऱ्याइदिउँला। अरू पनि केही छ कि ?"

"अरू केही हैन। चारैतिर जासुसहरू घुमिराखेका छन्। होशियार हुनु।"

"देखेको छु, मेरो घरको अगाडि पनि घुमिराख्या छन्। लौ त बिदा। निष्ठुरी आइमाईसँग पनि बिदा। साथी हो, साँच्ची भन्ने हो भने मसानमा भएको त्यो संघर्ष नै फाइदाजनक ठहरियो, पूरा शहरमा यही चर्चा चलेको छ। त्यस विषयमा लेखिएको तिम्रो पर्चाले पनि खुब राम्रो काम गऱ्यो, निस्कन पनि खुब टाइममै निस्क्यो। म त सधैं भन्ने गर्थें सही लडाईं गलत शान्ति भन्दा बेस हुन्छ।"

"धेरै गन्थन नगर अब, तिमी हिंडिहाल...।"

"यही हो तिम्रो अतिथि सत्कार ? प्रेमी त होइनौं, तैपनि हात मिलाइहालौं नीलोभ्ना। जे भएपनि यहाँबाट हिंडेर त्यस केटोले बडो बेवकुफी गऱ्यो। तिमीलाई थाहा छ, ऊ कहाँ बस्छ ?"

निकोलाइले ठेगाना दियो।

"भोलि उसकहाँ जानुपर्ला, बेस केटो छ, होइन र ?"

"अवश्य।"

"हामीले उसको हेरविचार गर्नुपर्छ, बडो होनहार केटो छ।"- डाक्टरले बाहिर निस्कँदै भन्यो - "यस्तै मान्छेहरूबाट पछि गएर वास्तविक सर्वहारा बुद्धिजीवी तयार हुन्छ, जब हामी त्यस संसारमा पुग्नेछौं, जहाँ शायद नै कुनै वर्गीय भेद्भावहरू होलान्, उनीहरूले हाम्रो ठाउँ लिनेछन् ।"

"इभान, तिमीले अचेल धेरै बकबक गर्न थालेको छौ...।"

"मलाई रमाइलो लागिराखेको छ त्यसैले बोल्दै छु।"

"त्यसो भए जेल जाने तयारी गर्दैछौ ? आशा गर्छु, त्यहाँ आराम गर्नेछौ।"

"धन्यवाद। म थाक्या छैन।"

आमा उनीहरूको वार्तालाप सुन्दै थिइन्। त्यस केटोबारे उनीहरूको चिन्ता देखेर आमालाई धेरै खुशी लाग्यो।

डाक्टर गैसकेपछि आमा र निकोलाइ खाना खान बसे। रातको पाहुनालाई पर्खंदै उनीहरू बिस्तार बिस्तार कुरा गरिरहेका थिए। निकोलाइले आमालाई आफ्नो निर्वासनमा भएका साथीहरूबारे धेरै बेरसम्म बताइरह्यो, उसले निर्वासनबाट भागेर ... र अर्कै नाम राखेर काम गरिरहेका साथीहरूबारे बतायो। उसका ती शब्दहरू ... नाङ्गा भित्ताहरूमा ठोकिएर फेरि यसरी फर्किन्थे, मानौं संसारको नवीकरणको महान् लक्ष्यको लागि आफूलाई बलि चढाउन तत्पर यी बहादुरहरूबारे बताइरहेका कहानीहरूमाथि उनीहरूलाई विश्वास छैन। आमालाई ममताको न्यानो भावनाले छोप्यो र यी अपरिचित व्यक्तिहरूप्रति प्रेमको भावनाले हृदय तान्न थाल्यो। उनको कल्पनामा ती सबै व्यक्तिहरू एक भीमकाय अनन्त शक्ति भएको महापुरुषमा परिणत भए। त्यो महापुरुष बिस्तारै बिस्तारै अघि बढ्दै छ र आफ्ना कर्मठ हातहरूले असत्यताको युगौं पुरानो फोहोरमैला हटाउँदै छ जसले गर्दा मानिसहरूले जीवनको सरल र स्पष्ट सत्यलाई देख्न सकुन्। जब यस महान् सत्यको पुनर्जन्म हुनेछ, तब उसले सबैलाई समान हार्दिकतासाथ आफूतर्फ डाक्नेछ, र उनीहरूलाई लोभ, रीस र असत्य जस्ता ती तीन पिशाचहरूको फन्दाबाट मुक्त गर्नेछ, जसले समस्त संसारलाई नै आतंकित र दास बनाएर राखेका छन्। यस कल्पनाले उनको हृदयमा त्यही भावना जागृत गऱ्यो, जुन जिन्दगीका आफ्ना कम कष्टदायक दिनहरूको अन्त्यमा ईश्वरको मूर्ति अगाडि उभिएर त्यस दिनको निमित्त उहाँप्रति आभार प्रकट गर्दै प्रार्थना गरिसक्दा उनको हृदयमा जागृत हुन्थ्यो। अतीतका ती दिनहरूबारे उनले बिर्सिसकेकी थिइन् तर अहिले त्यही भावना उनको हृदयमा बढ्न थाल्यो र त्यस भावनाले एक उज्ज्वल र उल्लासपूर्ण रूप लिन पुग्यो, एक सजीव वस्तुको रूपमा प्रस्फुटित हुन थाल्यो।

'पुलिसहरू त आएनन् नि।"- निकोलाइले आफ्नो कुरा बीचैमा टुङ्ग्याउँदै भन्यो।

आमाले उसको अनुहारमा झुलुक्क हेरिन् र केही चुप लागिसकेपछि उदास भावले भनिन् -

"नरकमा बास होस् ती सत्यानाशीहरूको।"

"हो, बरु नीलोभ्ना अब तपाईं पनि सुत्न जानुभए हुन्छ असाध्यै थाक्नुभएको होला। कतिको शक्ति छ तपाईंमा। यतिका परेशानी र खतरा खप्नुपर्दा पनि तपाईं पटक्कै हरेस खानुहुन्न। होर्नोस् त, कपाल पनि कति चाँडै फुल्न थालिसकेछ। जानोस्, आराम गर्नोस्।"

भान्सा-कोठाको ढोका जोडले खटखटाएको आवाजले आमाको निन्द्रा टुट्यो। कसैले बडो धैर्यपूर्वक लगातार खटखटाइरहेको थियो। अझ अँध्यारै थियो र शून्यतालाई भंग गर्दै निस्किरहेको यस आवाजले वातावरणलाई डरलाग्दो बनाइरहेको थियो। हतरपतर लुगा लाएर आमा भान्सा-कोठामा पुगिन् र ढोकामा उभिएर सोधिन् - "को हँ ?"

"मः।"- कसैको अपरिचित स्वर सुनियो।

"को ?"

"ढोका खोल्नोस् न।"- बाहिर उभिएको मानिसले बिस्तारै अनुरोधपूर्ण स्वरमा भन्यो।

आमाले छेस्किनी फुस्काइन् र गोडाले धकेलेर ढोका खोलिदिइन्, इग्नात भित्र पस्यो।

"झुक्किन त झुक्किएन छु।" उसले खुशी हुँदै भन्यो। उसको कम्मरसम्म हिलोका छिटाहरू परेका थिए, अनुहार फुस्रो थियो, आँखा गाडिएका थिए। मुन्द्रा परेको कपाल टोपीबाट चारैतिर निस्किरहेको थियो।

"हामीलाई ठूलो विपत्ति आइपऱ्यो।"- ढोका बन्द गर्दै साउतिको स्वरमा उसले भन्यो।

"मलाई थाहा छ...।"

आमाको जवाफ सुनेर केटोलाई अचम्म लाग्यो।

"कसरी थाहापाउनु भो ?"- आँखा झिमिक्क पार्दै उसले सोध्यो। आमाले छिटोछिटो छोटकरीमा सब कुरा बताइदिइन्।

"अनि हाम्रा ती दुईजना कामरेडहरू पनि पकडिए त ?"

"उनीहरू त्यहाँ थिएनन्। पल्टनिया मान्छे भएकाले हाजिर हुन गएका थिए। काका मिखाइल समेत गरेर जम्मा पाँच जना पकडिए।"

उसले गहिरो सास फेऱ्यो र खिसिक्क हाँस्दै भन्यो -

"म एकजना मात्रै बचें, मलाई पनि खोजिरहेका होलान्।"

"तिमी कसरी फुत्किन भ्यायौ त ?"- आमाले सोधिन्। कोठाको ढोका बिस्तारै खुल्यो।

"म ?"- बेन्चमा बस्दै चारैतिर आँखा घुमाएर उसले भन्यो।

"उनीहरू आइपुग्नुभन्दा एक दुई मिनेट अगाडि वनपाले आएर झ्यालमा खटखटाउँदै भन्यो - "भागिहाल है, समात्न आउँदै छन्।"

ऊ बिस्तारै हाँस्यो र कोटको फेरले मुख पुछ्यो।

"तर काका मिखाइल एक रत्ती तर्सेनन्। 'इग्नात तुरुन्त शहर गइहाल। बूढी आइमाईलाई त सम्झन्छस्, होइन ?' सानो कागजमा केही लेख्दै उनले मलाई भने - ला, यो लिएर गैहाल।' म झाडी झाडी लुक्दै घस्रिन थालें। सुन्छु उनीहरू आउँदै छन्। थुप्रै थिए, चारैतिरबाट बुट बजाउँदै राक्षसहरू जस्तो अघि बढ्दै थिए। उनीहरूले हाम्रो कारखानालाई घेरा हाले। मचाहिं झाडीमा चुपचाप लुकेर बसिरहें। मेरो नजीकैबाट उनीहरू अघि बढे, तर देखेनन्। मचाहिं सुरुक्क उठेर सुईंकुच्चा ठोकिहालें। दुई रात एक दिन कतै थकाइ नमारिकन हिंड्याहिंड्यै छु।"

उसले अनुहारले जनाउँथ्यो, ऊ आफ्नो सफलतामा दङ छ। उसका कैला आँखाहरूमा मुस्कान झल्किरहेको थियो, पुष्ट राता ओठहरू फडफडाइरहेका थिए।

"म तिम्रो लागि चिया बनाइदिहाल्छु।"- सामोभार समात्दै आमाले हतारिएर भनिन्।

"पहिले चिठ्ठी त लिइहाल्नोस्।"

उसले बडो कठिनाइपूर्वक खुट्टा उचाल्यो र मुख बिगार्दै बेन्चमा राख्यो।

यत्तिकैमा निकोलाइ ढोकामा देखा पऱ्यो।

"सलाम कमरेड।"- आँखा साँगुरो पार्दै उसले भन्यो। "आउनोस् त, म तपाईंलाई मद्दत गर्छु।"

ऊ निहुरियो र इग्नातको खुट्टाको बेरिएको फोहोर कपडा छिटोछिटो फुकाल्न थाल्यो।

"भो, भो पर्दैन।"- उसले बिस्तारै भन्यो र खुट्टा पछि सार्दै अचम्म मारेर आँखा झिमझिम पार्दै आमातिर हेर्न थाल्यो।

"उसको खुट्टा भोद्काले मालिस गरिदिनुपर्छ।"- आमाले उसको हेराइतर्फ कुनै ध्यान नदिएर भनिन्।

"हो।"- निकोलाइले सहमति जनायो।

इग्नात असजिलो मानेर बड्बडाउँदै थियो।

निकोलाइले चिठ्ठी भेट्टायो र कच्चाककुचुक परेको खैरो कागजको टुक्रा टिपेर आँखा नजीक ल्याउँदै पढ्न थाल्यो।

'आमा, हाम्रो कामतर्फ ध्यान दिन नछोड्नुहोला। अग्ली मेमसाहेबलाई भनिदिनुहोला, उनले हाम्रोबारे अझ बढी लेख्ने गरुन्, बिदा।- रीबिन।'

निकोलाइले चिठ्ठी समातेको हात बिस्तारै तल झाऱ्यो।

"अति राम्रो।"- उसले बिस्तारै अस्पष्ट स्वरमा भन्यो।

इग्नातले आफ्ना नाङ्गा खुट्टाका फोहोर औंलाहरू बिस्तारै चलमलाउँदै उनीहरूतिर मुख फर्कायो। आमा आँसुले भिजेको अनुहार लुकाउँदै बाटोमा पानी लिएर केटो नजीकै आइन् र भुईंमा बस्दै उसको खुट्टातर्फ हात बढाइन्।

"के गर्न आँट्नुभएको यस्तो ? पर्दैन।"- झटपट बेन्चमुनि खुट्टा लुकाउँदै झस्केको स्वरमा इग्नात चिच्च्यायो।

"छिटो खुट्टा यता दिइहाल।"

"म तुरुन्तै स्पिरिट लिएर आउँछु।"- निकोलाइले भन्यो।

केटो झनझन खुट्टा भित्र घुसार्दै बडबडाइरहेको थियो।

"कस्तो मानिस तपाईं, अस्पताल हो र ?"

आमा उसको अर्को खुट्टामा बाँधेको कपडा खोल्न थालिन्।

इग्नातले जोडले नाक बजायो र गर्धन घुमाउँदै उनलाई माथिदेखि तलसम्म हेर्न थाल्यो। उसका ओठहरू हाँसोउठ्दो तरीकाले खुलेका थिए।

"तिमीले थाहा पायौ।"- आमाले काँपेको स्वरमा भनिन् - "उनीहरूले मिखाइल इभानोभिचलाई खुब कुटे....।"

"हो र ?"- केटोले लर्सेंदै बिस्तारै भन्यो।

"हो, पुलिसले निकोल्स्कोए ल्याइपुऱ्याउँदा उसको हालत धेरै खराब भैसकेको थियो। त्यहाँ पनि पुलिसको सर्जेन्ट र थानेदारले खुब पिटे। मुखैमुखमा कुटे, लात हाने, सान्हा जीउ नै रगतमा लथपथ भएको थियो।"

"कुट्नमा त उनीहरूलाई कसले उछिन्न सक्छ र।"- केटोले आँखीभौं खुम्च्याउँदै भन्यो। उसको कुम काँप्यो - "मलाई त पुलिस भनेपछि राक्षसभन्दा पनि बढी डर लाग्छ, अनि किसानहरूले कुटेनन् त ?"

"थानेदारको आदेश मानेर एक जनाले कुट्यो, अरूले त केही पनि गरेनन्। बरु उसैले पक्ष लिएर कुट्न पाइन्न भन्दै थिए...।"

"हो बा। अब त किसानहरूले पनि बुझ्न थालिसकेका छन्, को कसको निमित्त कहाँ उभिएको छ भन्ने कुरा बुझ्न थालिसकेका छन्।"

"त्यहाँ पनि बुझ्ने मानिसहरू छन्।"

"कहाँ मात्र छैनन् र ? अभावले सबैलाई अँठ्याएको छ। जताततै छन्, खालि भेट्टाउन मात्र गाऱ्हो छ।"

निकोलाइ स्पिरिटको शिशि लिएर आइपुग्यो र सामोभारमा कोइला थपेर केही नबोली बाहिर निस्क्यो।

"यो साहेब डाक्टर हो आमा ?" बाहिर जान लागेको निकोलाइतिर उत्सुकतापूर्वक हेर्दै इग्नातले बिस्तारै सोध्यो।

"यहाँ कोही पनि साहेब छैनन्- हामी सबै कामरेड।"

"मलाई त आश्चर्य लाग्छ।"- इग्नातले शंकालु भावले खिसिक्क हाँस्दै भन्यो।

"के कुरामा आश्चर्य लाग्यो ?"

"त्यस्तै, कुनै विशेष होइन। हेर्नोस् न एकातिर त्यस्ता मान्छेहरू छन्, जो हाम्रो नाक भाँचिने गरी कुट्छन्, अर्कोतिर त्यस्ता मानिसहरू छन्, जो हाम्रो खुट्टा पनि धोइदिन तयार छन्। यी दुई थरीबीचका मानिसहरू कस्ता होलान् ?"

कोठाको ढोका खुल्यो र दैलोमै उभिएर निकोलाइले भन्यो :

"बीचमा त्यस्ता मानिसहरू छन्, जो यी नाक फुटाल्नेहरूको खुट्टा मल्छन् र जसको नाक फुटेको छ उनीहरूको रगत चुस्छन्। यही हो, बीचमा बस्नेको ताल।"

इग्नातले आदरको भावले उसतर्फ हेऱ्यो र केहीबेर चुप लागिसकेपछि भन्यो - "हो, मलाई पनि त्यस्तै लाग्छ।"

क्रमशः थौथो पृष्ठमा

# चीनसँगका समभ्रदारीको दूरगामी महत्त्व : अध्यक्ष प्रचण्ड

# भ्रमणबाट सम्बन्धमा नयाँ ढोका खुलेको निष्कर्ष

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागिता र जनवादी गणतन्त्र चीन भ्रमणका बारेमा पार्टीलाई 'ब्रिफिङ' गराएका थिए ।

पार्टी पदाधिकारी बैठकबीच अध्यक्ष प्रचण्डले महासभामा सहभागिताले विश्वसमुदायले नेपाललाई नजिकबाट चिन्ने वातावरण बनेको बताएका हुन् । भ्रमणका क्रममा चीनसँग भएका सम्झौता तथा समभ्रदारी नेपालको विकासमा दूरगामी महत्त्व राख्ने बताएको सो दलका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए । 'संयुक्त राष्ट्रसंघको महासभामा विश्वसमुदायले नेपाललाई नजिकबाट चिन्ने गरी नेपालको प्रस्तुति भएको छ' प्रधानमन्त्री दाहालको भनाइलाई उदृत गर्दै उनले भने 'संयुक्त राष्ट्रसंघका महासचिवसँगको भेट तथा महासभाका क्रममा भएका 'साइडलाइन' वार्ता महत्वपूर्ण रह्यो ।'

प्रधानमन्त्री दाहालले राष्ट्रिय योजना आयोग र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच सहकार्य तथा अन्तरदेशीय प्रसारणलाइन निर्माण गर्ने, कृषि, विज्ञान प्रविधिलगायत क्षेत्रको विकासका लागि दुई देशबीच भएको सहमति दूरगामी महत्त्वका रहेको बताएको प्रवक्ता सापकाटाले जानकारी दिए ।

सोही बैठकमा माओवादीले गत भदौ १६ गतेदेखि चलाएको रुपान्तरण अभियानका बारेमा समेत छलफल भएको थियो । उनले बैठकले अभियानलाई प्रभावकारी बनाउने, चाडपर्वको समयमा पनि विविध कार्यक्रम गरी जनताको घरदैलोमा पुग्न नेता कार्यकर्तालाई दिशानिर्देश गरेको जानकारी दिए ।

प्रधानमन्त्री दाहालको चीन भ्रमणले विश्वासको वातावरण बनाउँदै समृद्धिका लागि सम्भावनाको नयाँ ढोका खोलेको माओवादीले निष्कर्ष निकालेको छ । पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित नियमित पत्रकार भेटघाटबीच पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले प्रधानमन्त्री दाहालको चीन भ्रमणबाट दुई देशबीचको सम्बन्ध सुदृढ, सहकार्य र सम्बन्धमा नयाँ ढोका खुलेकाले पूर्ण रुपमा सफल भएको टिप्पणी गरे ।

'प्रधानमन्त्री दाहालको चीन भ्रमणले दुई देशका सम्बन्धमा नयाँ आयाम थपिएको छ । कोभिड- १९ संक्रमणपछि हुन नसकेको उच्चस्तरीय भ्रमणको शृंखला जोडेको मात्र होइन, उठिरहेका विभिन्न प्रश्न, संशय निवारण भएको छ' प्रवक्ता सापकोटाले दाहालको भनाइलाई उदृत गर्दै भने ।


प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा भएका सहमति र द्विपक्षीय सम्बन्ध विस्तारका साथै एकअर्काबीचको संवेदनशीलता र बाध्यता बुझ्ने पाटोबाट समेत महत्त्वपूर्ण रहेको उनको भनाइ थियो । नेपालको राष्ट्रिय योजना आयोग र जनवादी गणतन्त्र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीचको सहकार्यसम्बन्धी समभ्रदारी आफैंमा महत्त्वपूर्ण रहेको प्रवक्ता सापकोटाले टिप्पणी गरे ।

भ्रमणका अवसरमा भएका सहमति र समभ्रदारीले दुई देशबीचको आर्थिक विकासको आधार तयार भएको उल्लेख गर्दै उपाध्यक्ष सापकोटाले दुई आयोगबीच भएका सहमति विकासका लागि महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरेका थिए ।

यसैगरी नेपाल र चीनबीच विद्युत आदान-प्रदानका लागि महत्त्वपूर्ण मानिएको चिलिमे-केरुङ दुई सय २० केभी क्षमताको प्रसारण लाइन निर्माणमा सहकार्य गर्ने सहमति पनि उत्तिकै महत्त्वपूर्ण रहेको प्रवक्ता सापकोटाले उल्लेख गरे ।

प्रधानमन्त्री दाहालको भ्रमणका क्रममा कृषि, पशुपालन तथा औद्योगिक विकास तथा डिजिटल अर्थतन्त्रलगायतका विषयमा उल्लेखनीय सहमति भएको भन्दै उपाध्यक्ष सापकोटाले चिनियाँ राष्ट्रपति र प्रधानमन्त्रीस्तरमा भएका छलफल आफैंमा महत्त्वपूर्ण रहेको बताए ।

नेपाल र चीनबीच रहँदै आएको राजनीतिक, सांस्कृतिक एवं जनस्तरको मैत्री सम्बन्धलाई प्रधानमन्त्री प्रचण्डको भ्रमणले नयाँ मार्ग प्रशस्त गरेको स्पष्ट पार्दै प्रवक्ता सापकोटाले चीनले विज्ञान तथा प्रविधिका क्षेत्रमा गरेको विकास नेपालका लागि समेत महत्त्वपूर्ण रहेको र सहयोग गर्ने प्रतिबद्धता जनाएको तथा प्रविधि हस्तान्तरण गर्ने सहमति भएको उल्लेख गरे ।



संयुक्त राष्ट्रसंघको महासभामा प्रधानमन्त्री प्रचण्डले दर्जन बढी बैठक र छलफलमा सहभागी भई नेपालको शान्ति प्रक्रिया मौलिक र उदाहरणीय रहेकाबारे विश्वसमुदायलाई जानकारी गराएका थिए । विश्व समुदायलाई ध्यानाकर्षण गराउने गरी नेपालको मौलिक प्रकारको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्‍याउनका लागि प्रधानमन्त्री प्रचण्डले सहयोगको आह्वान गर्नु आफैंमा उल्लेखनीय रहेको प्रवक्ता सापकोटाको कथन थियो ।

शान्ति प्रक्रिया सुरु भएपछि विभिन्न चार वटा आवधिक निर्वाचन सम्पन्न हुनु सफलताको पाटोबाट शक्तिशाली उदाहरण भएको भन्दै उनले विश्वशान्तिमा नेपालले खेलेको भूमिकाको सबैले प्रशंसा गरेको उल्लेख गरे ।

यस्तै जलवायु परिवर्तनका कारण संसारभर देखापरेको असरलाई न्यून गर्न प्रधानमन्त्री प्रचण्डले संयुक्त राष्ट्रसंघमार्फत शक्ति राष्ट्रहरुको ध्यानाकर्षण गराउनुका साथै अल्पविकसित देशको अध्यक्षको हैसियतले महत्त्वपूर्ण छलफलमा सहभागी भई विश्व समुदायलाई आफ्ना प्रतिबद्धता पूरा गर्न अनुरोध गरेको बताए ।

राष्ट्रिय सवालमा बृहत छलफल गरेर राष्ट्रिय एकरुपता कायम गर्नुपर्नेमा जोड दिँदै प्रवक्ता सापकोटाले राजनीतिक दल इमानदार भएर अगाडि बढ्नसके सबै समस्याको समाधान हुने समेत बताए । मुलुकभित्र देखापरेका तमाम समस्या समाधानका लागि सरकार र नेतृत्वको हिसाबले प्रधानमन्त्री प्रचण्डले विशेष पहल गरिरहेको उल्लेख गर्दै प्रवक्ता सापकोटाले सामाजिक न्यायसहितको सुशासन र समृद्धि हासिल गर्नु नै पहिलो कार्यभार भएको बताए ।

प्रवक्ता सापकोटाले देशभित्रै युवालाई रोजगारी प्रदान गर्न सरकारले पहल गरिरहेको तथा आर्थिक विकास, जनताको जीवनस्तर उठाउने, गरिबी हटाउन उल्लेखनीय पहल गरिरहेको समेत बताए । राष्ट्रिय रुपमा साझा सवालमा गहन छलफल गरी एकरुपता कायम गरी अघि बढ्नुपर्ने आवश्यकता औंल्याउँदै प्रवक्ता सापकोटाले भू-राजनीतिक जटिलता जटिल र पेचिलो रहेसँगै समृद्धिको सम्भावना पनि त्यतिकै रहेको धारणा व्यक्त गरेका थिए । सरकारले उच्च शिक्षा तथा रोजगारीका लागि विदेश पलायन भएका युवालाई स्वदेश फर्काउन काम गरिहेको उल्लेख गर्दै उपाध्यक्ष सापकोटाले समाजिक न्यासहितको सुशासन र भ्रष्टाचार नियन्त्रण सरकाले उल्लेखनीय सफलता हासिल गरेको धारणा व्यक्त गरे । आफ्नो दल र सरकार जनताको आवाज सुन्न र मन जित्न तत्पर रहेको दावी गर्दै प्रवक्ता सापकोटाले विभिन्न राजनीतिक पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गर्नेको लहरै चलेको पनि बताए । नेपाली जनताको ठूलो त्याग र बलिदानबाट प्राप्त राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै आर्थिक विकास र समृद्धिको यात्रामा सरकार अगाडि बढेको र जनताको जीवनमा परिवर्तन गर्ने गरी काम गरिरहेका उनको भनाइ थियो । शिक्षक, चिकित्सकका असन्तुष्टिलाई समेत सरकारले सम्बोधन गरेको स्मरण गर्दै प्रवक्ता सापकोटाले जनतासँग जोड्ने अभियानमा रुपान्तरण, आलोचना र समर्थनको प्रश्न गम्भीर रुपमा उठिरहेको बताए ।

सोही अवसरमा माओवादी केन्द्रका कोषाध्यक्ष तथा पार्टी कार्यालयका प्रमुख सचिव श्रीराम ढकाल र पार्टी प्रचार विभाग सचिव एवं प्रधानमन्त्रीका सल्लाहकार गोविन्द आचार्यले पार्टीको तीनमहिने रुपान्तरण, अध्यक्ष प्रचण्डको संयुक्त राष्ट्रसंघको महासभामा सहभागिता र चीन भ्रमणलगायतका समसामयिक विषयबारे उठ्न सक्ने प्रश्नका बारेमा जानकारी गराएका थिए ।

आफ्ना भ्रमण सकिएलगत्तै स्वदेश फर्किएका प्रधानमन्त्री दाहालले आफ्नो पछिल्लो चीन भ्रमणका क्रममा भएका छलफलका माध्यमबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको विश्लेषण गरेका छन् । उनले विगतमा भएका समभ्रदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता सोही अवसरमाा व्यक्त भएको उल्लेख गरे । प्रतिनिधिसभा बैठकलाई सम्बोधन गर्दै उनले चीनका राष्ट्रपति सि चिनपिङले गरेको भ्रमणपछि नेपालबाट गरिएको पहिलो उच्चस्तरीय भ्रमणका रुपमा आफ्नो चीन भ्रमण भएको उल्लेख गरे ।

प्रधानमन्त्री दाहाल नेपाली प्रतिनिधिमण्डलको नेतृत्त्व गर्दै यही सेप्टेम्बर १७ देखि २१ सम्म संयुक्त राष्ट्रसंघको ७८औं महासभामा सहभागी भई सम्बोधन गरेका थिए । उक्त सम्बोधनपछि सेप्टेम्बर २३ देखि ३० सम्म जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमण सम्पन्न गरी प्रधानमन्त्री दाहाल यही असोज १३ गते स्वदेश फर्किएका हुन् । संयुक्त राष्ट्रसंघको महासभामा सहभागी हुन र चीनका प्रधानमन्त्री लि छियाङको निमन्त्रणमा चीन भ्रमणमा जानुअघि पनि आफूले सदनलाई जानकारी गराएका थिए । चीन भ्रमणका दौरान चीनका राष्ट्रपति र प्रधानमन्त्रीसँग सारभूत पक्षमा भएको छलफलबाट नेपाल-चीन सम्बन्धलाई थप उचाइ दिन मद्दत पुगेको तथा विगतमा भएका समभ्रदारीको कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धता व्यक्त भएको प्रधानमन्त्री दाहालले उल्लेख सोही अवसरमा बताए ।



# ... आमा– १७

उठ्यो र खुट्टाले भुईंमा मचक्क टेक्दै दुई चार कदम यताउता गऱ्यो।

"खुट्टै नयाँ साटेर ल्याएजस्तो भो। धन्यवाद छ तपाईंहरूलाई।"- उसले भन्यो।

यसपछि उनीहरू खाना खाने कोठामा बसेर चिया पिउन थाले।

इग्नात गम्भीर स्वरमा आफूबारे बताउँदै थियो -

"म हाम्रो पत्रिका बाँड्ने काम गर्थें। त्यसैले म जति हिंड्न परे पनि हिंड्न सक्छु।"

"कत्तिको पढ्छन् हाम्रो पत्रिका ? निकोलाइले सोध्यो।"

"लेखपढ गर्न जान्ने सबैले पढ्छन्। धनी मानिसहरूसमेत पढ्ने गर्छन्। अवश्य उनीहरू हामीसँग लिंदैनन् यी पत्रिकाहरू...। उनीहरूले पनि बुझेका छन्, किसानहरूले प्राणैको बाजी थापेर भए पनि जमीन्दारहरूबाट जमिन खोसेर लिन्छन्। यसको मतलब जमिनको बाँडफाँड पनि आफैं गर्न थाल्नेछन्। यसपछि न जमिनदार नै बाँकी रहनेछ न त जमिनविनाको किसान नै नत्र भने किन यी सब झन्झट सहनुपर्थ्यो र ?"

ऊ अलि चिढीएजस्तो देखिन्थ्यो। उसले सशंक, प्रश्नसूचक दृष्टिले निकोलाइतिर हेऱ्यो। निकोलाइ चुपचाप मुस्कुराइरहेको थियो।

"यदि आज हामीले पूरा दुनियाँ मिलेर लड्यौं र जित्यौं भने पनि भोलि फेरि उही एउटा धनी र अर्को गरीब हुने त हो। यसो भए हामीले लड्नै केलाई पऱ्यो र। भैहाल्यो, धन्यवाद छ, तपाईंहरू हामीलाई मूर्ख बनाउने कोशिश नगर्नोस् हामीलाई राम्ररी थाहा छ, धन भन्ने कुरा सुक्खा बालुवा जस्तै हो। एकै ठाउँमा चुप लागेर बस्न सक्दैन, भोलि फेरि चारैतिर छरिएर गइहाल्छ। त्यसो भए के काम चाहियो र हामीलाई यी सब कुरा।"

"ठीक छ, ठीक छ, ल नरिसाउ।"- आमाले ठट्यौलो स्वरमा भनिन्।

"बरु रीबिन समातिएको कुरा लेखिएको यो पर्चा कसरी सकेसम्म छिटो त्यहाँ पुऱ्याउने हो।"- निकोलाइले विचारमग्न हुँदै भन्यो।

इग्नातका कान ठाडा भए।

"त्यस्तो पर्चा छ र ?"- उसले सोध्यो।

"छ।"

"मलाई दिनोस्, म पुऱ्याइदिन्छु।"- केटोले हात मल्दै भन्यो।

आमाले उसतिर नहेरिकन हाँसिन् र भनिन् -

"तिमी थाक्या छौ, त्यसमाथि पनि डर लाग्छ भन्दै थियौ।"

आफ्ना फराकिला हातले टाउकोको मुन्द्रा परेको कपाल मुसार्दै इग्नातले शान्त स्वरमा भन्यो :

"डरको कुरा बेग्लै, कामको कुरा बेग्लै। किन हाँस्नु हुन्छ, धत्तेरी कस्तो मान्छे तपाईं पनि।"

"कस्तो उल्लू बच्चै रहेछ।"- उसको कुरा सुनेर खुशी हुँदै आमाले भनिन्।

"लौ भयो अब, बच्चो रे।"- ऊ अलमलिएर खिस्स हाँस्यो।

"तपाईंले अब त्यता फर्कनुहुन्न...।" निकोलाइले सद्भावनापूर्वक केटोतिर हेर्दै भन्यो।

"किन र ? म फेरि कता लाग्ने ?" - इग्नातले हडबडाउँदै भन्यो।

"तपाईंको सट्टा अर्कै मान्छे जान्छ। बरु तपाईं उसलाई के गर्नुपर्छ र कसो गर्नुपर्छ राम्ररी बताइदिनुहोला, हुँदैन ?"

"हुन्छ।"- इग्नातले निराश हुँदै भन्यो।

"अनि तपाईंलाई चाहिं हामी नयाँ परिचयपत्र बनाएर वनपालेको काम मिलाइदिन्छौं।"

केटोले झट्ट टाउको उठायो र चिन्तित स्वरमा सोध्यो -

"अनि किसानहरू दाउरा चोर्न आए भने... अथवा अरू कुनै कारणले पकड्नु पऱ्यो भने के गर्ने त ? ... म त यस्तो काम गर्न सक्दिनँ...।"

आमा हाँसिन्, निकोलाइ पनि हाँस्न थाल्यो। केटोलाई उनीहरूको हाँसो मन परेन। उसलाई असजिलो लागेर आयो।

"धन्दा नमान्नोस् तपाईंले किसानहरूलाई पकड्नु पर्दैन, विश्वास गर्नोस्।" - निकोलाइले उसलाई सान्त्वना दिंदै भन्यो।

"त्यसो भए ठीक छ।"- उसले सन्तोष मानेर मुस्कुराउँदै भन्यो - "तर मलाई त कारखानामा काम गर्न पाए अझ बेस हुन्थ्यो, भन्छन् त्यहाँ काम गर्ने मान्छेहरू बडा गतिला हुन्छन्।"

आमा उठिन् र गम्भीर भएर झ्याल बाहिर हेर्दै भनिन् -

"कस्तो अचम्मको जिन्दगी त यो, दिनमा पाँच पटक हाँस्यो, पाँच पटक रोयो। सिद्धिएन इग्नात ? जाउ बाबु सुत।"

"नाई, मलाई निन्द्रा लागेको छैन...।"

"भो, भो, जाऊ सुत।"

"तपाईं त बडो कडा हुनुहुन्छ, लौ भयो जान्छु। चियाको निमित्त धन्यवाद, अँ तपाईंहरूको अनुग्रहको लागि पनि धन्यवाद।"

आमाको ओछ्यानमा पल्टेर टाउको कन्याउँदै ऊ बडबडाउन थाल्यो -

"अब यी सब चीजहरूमा तारकोल गन्हाउन थाल्नेछ... मलाई सुत्नै मन लाग्या छैन... मैले बीचकाहरूको कुरा उठाउँदा उसले कति मजाको जवाफ दियो... राक्षसहरू..।"

कुनबेला निदाएछ उसले पत्तै पाएन। ऊ घुर्दै थियो, उसका आँखीभौं माथितिर उठेका थिए र उसको मुख आधा खुलेको थियो।

साँझपख इग्नात भुईं तल्लाको एक सानो कोठामा भेसोभशिकोभको सामुन्ने बसेर आँखीभौं खुम्च्याउँदै मसिनो स्वरमा उसलाई केही कुरा बताउँदै थियो -"बीचको झ्यालमा चारपटक...।"

"चारपटक रे ?"- निकोलाइले चिन्तित स्वरमा सोध्यो।

"हो, सुरुमा तीनपटक यसरी।"- यति भनेर उसले आफ्नो औंला खुम्च्याउँदै मेचमा ठोक्दै गयो :

"एक, दुई, तीन। अनि केही पर्खेर फेरि एक पटक।"

"बुझें।"

"कैलो कपाल भएको किसानले ढोका खोल्नेछ र सोध्नेछ- 'सुडेनी डाक्न आउनुभएको हो ?' तपाईंले भन्नुहोला- 'हो, कारखानाको मालिकले पठाएर आएको'। अरू केही भन्नुपर्दैन, उसले बुझिहाल्छ।"

उनीहरू एक अर्कोतर्फ टाउको निहुराएर बसेका थिए। दुवै हट्टाकट्टा थिए र दबेको स्वरमा कुरा गर्दै थिए। आमाचाहिं छातीमा हात बाँधेर नजीकै उभिएकी थिइन् र उनीहरूलाई हेर्दै थिइन्। यी सब रहस्यमय खटखटाहट, संकेतात्मक प्रश्नोत्तर आदिबारे सुनेर उनी मनमनै हाँस्दै थिइन्। उनी सोच्दै थिइन् :

'अझ केटाकेटी नै छन्...।'

भित्तामा बत्ती बलिरहेको थियो। बत्तीको प्रकाश भुईंमा परेर एउटा कच्याककुचुक परेको बाल्टिन र टिनका टुक्राहरूलाई आलोकित पार्दै थियो। कोठाभरि खिया, रोगन र ढुसी परेको गन्ध फैलिएको थियो।

इग्नातले बाक्लो भुवादार ओभरकोट लगाएको थियो। उसलाई यो कोट असाध्यै मन परेजस्तो देखिन्थ्यो। आमाले देखिन्, ऊ कहिले दङ पर्दै कोटको बाहुला सुमसुम्याउँथ्यो त कहिले गर्धन बटार्दै यता र उताबाट आफ्नो कोट नियाल्थ्यो। यी सब कुरा देखेर उनको हृदयमा मायाको भावना उर्लियो :

'कठै बिचराहरू, अझ बच्चै छन्..।'

"लौ त।"- इग्नातले उठ्दै भन्यो त्यसो भए याद गर्नुभो, सबैभन्दा पहिले मरातोभकहाँ गएर बाजेको हालखबर सोध्नुहोला..."।

"हो, सम्झें।"- भेसोभशिकोभले जवाफ दियो। तर इग्नातलाई अझै पनि चित्त बुझेनछ र फेरि खटखटायो, सबै संकेत र शब्दहरू दोहऱ्याएर बतायो। अन्त्यमा भेसोभशिकोभसँग हात मिलाउँदै उसले भन्यो :

"सबैलाई मेरो तर्फबाट नमस्कार सुनाइदिनुहोला। धेरै असल मान्छेहरू छन्, तपाईं आफैं देखिहाल्नुहुन्छ..।"

उसले टाउको निहुराएर आफ्नो कोटमा हेऱ्यो र दङ पर्दै कोटको बाहुला सुमसुम्यायो।

"म जाउँ ?"- उसले आमालाई सोध्यो।

"बाटो त फेला पारौंला ?"

"फेला पारिहाल्छु नि.. लौ त कमरेडहरू बिदा भएँ।"

ऊ काँध उचाल्दै छाती फुलाउँदै निस्क्यो। उसले आफ्नो नयाँ टोपी ढल्काएर लगाएको थियो र दुवै हात बडो रवाफिलो तरीकाले ओभरकोटको बगलीमा घुसारेको थियो। उसको कन्चटमा सुनौला कपालका मुन्द्राहरू हल्लिरहेका थिए।

"अब भने मैले पनि काम पाएँ।"- बिस्तारै आमाको नजीक आउँदै भेसोभशिकोभले भन्यो - "मलाई त बस्दाबस्दै वाक्क लागिसक्यो। जेलबाट भागेर आएँ, तर केलाई रातदिन लुकेर बस्नु सिवाय अरू केही काम छैन। जेलमा त बरु केही पढिन्थ्यो। पाभेल हामीलाई आफ्नो दिमागले काम गर्न कति वाध्य तुल्याउँथ्यो भने बडो आनन्द लागेर आउँथ्यो। अनि पेलागेया नीलोभ्ना उसको जेलबाट भाग्ने कुराबारे के निर्णय गर्नुभो त ?"

"थाहा छैन।"- अनायास सुस्केरा हाल्दै आमाले भनिन्।

निकोलाइले आफ्नो गऱ्हुङो हात आमाको काँधमा राख्यो र उनीतिर निहुरिंदै भन्यो -

"तपाईं उनीहरूलाई सम्झाउनोस्, उनीहरूले तपाईंका कुरा सुन्नेछन्, यो काम बडो सजिलोसँग गर्न सकिन्छ। तपाईं आफैं सोच्नोस् न, जेलको परखाल नजीकै बत्तीको खम्बा छ। सडकपारि बाँझो जमिन छ, बायाँपट्टि चिहान छ र सडकको दाहिनेपट्टि शहर छ। दिउँसो बत्ती सफा गर्ने मान्छे आउँछ, ऊ बत्ती सफा गर्न थाल्छ आफ्नो भऱ्याङ भित्तामा अडाउँछ र भित्ताको इँटामा आफूले लिएर आएको डोरीको भऱ्याङको अङ्कुशे अड्काएर डोरी जेलको चोकतिर लटकाइदिन्छ- अनि त के चाहियो र। जेलभित्रका मान्छेहरूले कति बेला निस्कने भन्ने कुरा थाहा पाइसकेका हुन्छन्। जेलभित्रका फौजदारी कैदीहरूलाई उक्साएर गोलमाल मचाउन लाउनेछन्, या त आफैं हल्ला मचाउन थाल्नेछन्। जेलका पहेरदारहरू अलमलिनेछन्। यही मौका पारेर जसलाई भाग्नु छ डोरीको भऱ्याङ चढेर कुलेलम ठोक्नेछन्- बस, सब ठीक भैहाल्यो।"

ऊ आमाको अगाडि हात हल्लाउँदै आफ्नो योजना चित्रण गर्दै थियो, उसको भनाइ अनुसार सब कुरा एकदम सरल, स्पष्ट र सजिलैसँग सम्पन्न हुनसक्थ्यो। आमाले उसलाई सधैं बुद्द र बेकम्मा ठानेकी थिइन्। पहिले निकोलाइ सब कुरा शंकालु र रिसाहा दृष्टिले हेर्ने गर्थ्यो। तर अहिले आमालाई यी सब कुरा सम्झाउँदा उसका आँखामा कस्तो न्यानो चमक थियो भने नयाँ साटेर ल्याए जस्तो देखिन्थे।

"तपाईं एकपल्ट सोचेर मात्र हेर्नोस् यी सब कुरा दिउँसै हुनेछ, एकदम दिउँसो। सबलाई झुक्याएर कैदीहरू दिउँसै भाग्नेछन् भन्ने कुरा कसैले कल्पनासम्म पनि गर्न सक्दैन।"

"गोली चलाए भने नि ?" आमाले डरले काँप्दै भनिन्।

"कसले ? त्यहाँ सिपाहीहरू हुँदैनन्, पाहरेदारहरूचाहिं आफ्नो पिस्तोल किलो ठोक्ने काममा मात्र लगाउँछन्।"

"खोइ बा, यति सजिलो त हुनुनपर्ने हो...।"

"हेर्नुहोला, सब ठीक हुन्छ। तपाईं उनीहरूलाई मनाउनोस् मात्रै। बाँकी सब कुरा मैले ठीक पारिसकेको छु- डोरी, भऱ्याङ अंकुसे सब कुराको बन्दोबस्त मिलाइसकेको छु। मेरो घरधनी बत्ती सफा गर्ने मान्छे बन्छ।"

ढोका बाहिर कसैले खोक्यो, कोही हिंडेको र फलामका सामानहरू पर सारेको आवाज सुनियो।

"उही हो।"- निकोलाइले भन्यो।

ढोकामा टिनको नुहाउने टब देखा पऱ्यो। अनि कसैले धोत्रे स्वरमा बडबडाएको आवाज सुनियो -

"हिंड अब, राक्षस कहींका...।"

टब पछाडिबाट फुलेको कपाल भएको, बिना टोपीको बाटुलो टाउको देखा पऱ्यो। उसका आँखा बाहिर निस्केला जस्ता देखिन्थे। उसले जुँगा पालेको थियो र उसको अनुहार बडो सहृदयी देखिन्थ्यो।

निकोलाइले कोठाभित्र टब छिराउन मद्दत गऱ्यो। अग्लो, अलि कुप्रो परेको मानिस कोठाभित्र पस्यो। उसले सफाचट्ट पारेर दाढी खौरिएको गाला फुलाउँदै खोक्यो, कफ थुक्दै धोत्रे स्वरमा अभिवादन गऱ्यो -

"नमस्कार, आरामै... ?"

"लौ उसैलाई सोध्नोस् न।"- निकोलाइले झट्ट भन्यो।

"मलाई सोध्ने रे ? के कुरा ?"

"त्यहीं के जेलबाट भगाउने कुरा...।"

"अँ...।"- आफ्ना काला औंलाले जुँगा पुछ्दै घरधनीले भन्यो।

"हेर्नोस् न याकोभ भासिलेभिच, उहाँ पत्याउनुहुन्न, यो काम कति सजिलोसँग गर्न सकिन्छ।"

"हँ- पत्याउन्न रे ? त्यसो भए भगाउन चाहँदिनन्। तिमी र म चाहन्छौं त्यसैले विश्वास पनि गर्छौं।"- घरधनीले शान्त स्वरमा भन्यो र एक्कासि कुप्रो पर्दै एकोहोरो खोक्न थाल्यो। खोकिसकेपछि ऊ छाती मल्दै कोठाको बीचमा केही बेरसम्म उभिइरह्यो र स्याँस्याँ गर्दै ठूलठूला आँखाले आमालाई नियाल्न थाल्यो।

"यस कुराको निर्णय पाभेल र उसका साथीहरूले नै गर्नेछन्।"

- आमाले भनिन्।

निकोलाइले केही सोच्दै टाउको निहुरायो।

"को हो पाभेल ?"- घरधनीले बस्दै सोध्यो।

"मेरो छोरा।"

"पूरा नाउँ के हो ?"

"भ्लासोभ।"

उसले टाउको हल्लायो र सुर्तीको बट्टा निकालेर पाइप भर्न थाल्यो।

"हो, नाम सुनेको छु। मेरो भतिजोले चिनेको छ उसलाई। भतिजो पनि जेलैमा छ, एभचेन्को हो उसको नाम, सुन्नुभएको छ ? मेरो नामचाहिं गोबुन हो। छिट्टै सब युवकहरूलाई जेलभित्र ठुस्नेछन्- अनि त हामी बूढाबूढीहरूलाई जति खुट्टा पसारे पनि पुग्नेछ। एकजना पुलिस अफिसर त भन्दै थियो, मेरो भतिजोलाई साइबेरिया पठाउनेछन्, पठाउन पनि बेर लाउन्नन्, कुकुरहरू।"

पाइप तानिसकेपछि उसले मुखको खकार थुक्दै निकोलाइलाई सोध्यो ?

"त्यसो भए भगाउन चाहँदिनन् होइन ? आफैं जानुन्। जे चाहन्छ त्यही गर्न पाउँछ। बस्न मन नलागे हिंड्न सक्छ, हिंड्न थाके बस्न सक्छ। हामी उनीहरूले लुट्दा चुप लागेर बस्छौं, पिट्दा सहिरहन्छौं, मार्दा पल्टिरहन्छौं। सब थाहा भएको कुरा हो। तर म आफ्नो भतिजोलाई निकालि छोड्छु।"

उसका ती सानासाना, कुकुरले भुकेका जस्ता वाक्यहरू सुनेर आमालाई छक्क लाग्यो। तर पछिल्ला वाक्य सुनेर केही इर्ष्या पनि लाग्न थाल्यो।

उनी सडकमा निस्किन्, बाटोमा चिसो बतास चल्दै थियो, पानी पर्दै थियो। सडकमा हिंड्दै आमाले निकोलाइबारे सोच्न थालिन् :

'कस्तो भएर निस्के छ त, हँ।'

फेरि गोबूनबारे सम्झँदै झन्डै प्रार्थना गरेझैं आमा बरबराइन् -

'नयाँ जीवन सुरु गर्ने म एक्ली मात्र रहेनछु।'

उनी फेरि आफ्नो छोराबारे सोच्न थालिन् -

'मानिदिए कस्तो हुन्थ्यो।'

आइतबारको दिन जेलको अफिसमा पाभेलसँग बिदा हुन आँट्दा आमाले कागजको सानो गेडा आफ्नो हातमा परेको अनुभव गरिन्। आफ्नो हत्केला आगोले पोलेजस्तो आमा झस्किन्, उनको विनयपूर्ण दृष्टिले छोराको अनुहारमा हेरिन्, तर त्यहाँ कुनै जवाफ भेट्टाइनन्। पाभेलको नीला आँखामा त्यही चिरपरिचित शान्त र दृढ मुस्कान थियो।

"लौ त म हिंडें।"- आमाले सुस्केरा हाल्दै भनिन्।

पाभेलले फेरि आमातिर हात बढायो, उसको अनुहारमा एक मायालु लहर दौड्यो।

"लौ त आमा।"

उनी छोराको हात समातेर केही बेरसम्म उभिइरहिन्।

"चिन्ता नगर्नोस्, नरिसाउनुहोला आमा।"- उसले भन्यो।

उसका यी शब्दहरू र पाभेलको निधारमा देखापरेका रेखाहरूले आमाको प्रश्नको जवाफ दिइरहेका थिए।

"के कुरा गरेको बाबु, तिमीले ?" - आमाले टाउको निहुराउँदै बराबराइन् - "म बुझ्छु...।"

पाभेलतिर फर्केर नहेरी उनी हतारहतार बाहिर निस्किन्। उनी चाहन्नथिन्, पाभेलले उनका आँसुले भरिएका आँखा र काँपिरहेका ओठ देखोस्। बाटोमा हिंड्दा उनलाई यस्तो लागिरहेको थियो, मानौं छोराको जवाफ भएको कागजले हातमा कसैले बेस्सरी हिर्काइदिएको छ र त्यो हात गऱ्हौं हुँदैछ, निदाउँदै छ। घर पुग्ने बित्तिकै उनले निकोलाइलाई कागज दिइन् र उभिएर प्रतीक्षा गर्न थालिन्। कहिले उसले तयो गुजुल्ट्याइएको कागज खोल्ने हो, एकछिनको लागि आमाको हृदयमा आशाको किरण देखापऱ्यो। तर निकोलाइले सारा आशा चूर पारिदियो।

"अनि त, मलाई त अगाडि नै थाहा थियो, सुन्नोस् के लेख्छ।"- ऊ भन्दै थियो - 'कमरेडहरू, हामी भाग्न चाहन्नौं, हामीमध्ये कोही पनि भाग्न चाहँदैन। भाग्यौं भने हामीले आफ्नो आत्मसम्मान गुमाउनेछौं। बरु, अस्ति मात्र समातिएको किसानमाथि भने ध्यान दिनुहोला। उसलाई तपाईंहरूको मद्दतको खाँचो छ र ऊ यस्तो मद्दतको हकदार पनि छ। उसलाई यहाँ धेरै मुश्किल छ। हरेक दिन जेलमा हाकिमहरूसँग झगडा गर्छ। चौवीस घन्टा कालकोठरीमा बिताइसक्यो। उसलाई सताउनसम्म सताइसके। हामी उसलाई मद्दत गर्ने अनुरोध गर्छौं। मेरी आमालाई सम्झाइदिनुहोला, सब कुरा राम्ररी बताइदिए उहाँले बुझ्नुहुनेछ।'

आमाले टाउको उठाइन् र बिस्तारै काँपेको स्वरमा भनिन् -

"किन सम्झाइहाल्नु पऱ्यो र मलाई, मैले सबै कुरा बुझेकी छु।"

निकोलाइ झट्ट अर्कोतिर फर्क्यो, रुमाल निकाल्यो र जोडले सीं गर्दै बडबडाउन थाल्यो -

"देख्नुभो, रुघाले समाइहाल्यो...।"

त्यसपछि ऊ चश्माको ऐना पुछ्दै कोठामा ओहोरदोहोर गर्न थाल्यो।

"वास्तवमा हामी सबै कुराको बन्दोबस्त मिलाउन पनि भ्याउँदैनथ्यौं होला।"- उसले भन्यो।

"ठीक छ, मुद्दा नै चलाउन् त।"- आमाले आँखीभौं खुम्च्याउँदै भनिन्। उनको हृदय ओसिलो बादलजस्तो उदासीले ढाक्यो।

"पिटर्सबर्गको एकजना साथीले लेखेको चिठ्ठी भर्खरै पाएँ...।"

"अखिर ऊ साइबेरियाबाट पनि त भाग्न सकिहाल्छ नि।"

"किन नसक्नु र। साथीले लेखेको छ मुद्दा छिट्टै सुरु हुन्छ सजायबारे निर्णय भैसकेको छ। सबलाई अर्कै ठाउँमा धपाउँदै छन्। देख्नुभो, यी नीबहरूले आफ्नै अदालतलाई पनि एक घृणित ढोंग बनाइदिएका छन्। सोच्नोस् त, यहाँ मुद्दा छलफल हुन पाएको छैन। पिटर्सवर्गमा फैसला तयार भैसक्यो।"

"निकोलाइ इभानोभिच, भैहाल्यो अब यी सब कुरा गरेर के फाइदा र।"- आमाले दृढतापूर्वक भनिन् - "मलाई सान्त्वना दिनुपर्दैन, केही कुरा बुझाइरहनु पनि पर्दैन। पाभेलले नराम्रो काम गर्दैन, बेकारमा आफू पनि कष्ट खाँदैन, अरूलाई पनि कष्ट दिंदैन। मलाई पनि ऊ माया गर्छ, हो माया गर्छ। देखिहाल्नुभो कति चिन्ता लिन्छ मेरो। आमालाई सम्झाइ-बुझाइ दिन भन्छ हँ... ?"

उनको मुटुको ढुकढुकाइ बढ्दै थियो, उत्तेजनाले टाउको रिङ्गिंदै थियो।

"तपाईंको छोरा आदर्श मान्छे छन्।"- निकोलाइले अस्वभाविक चर्को स्वरमा भन्यो - "म उसको हृदयदेखि सम्मान गर्छु।"

"बरु, अब रीबिनको विषयमा के पो गर्ने हो, सोचौं न"- आमाले भनिन्। ...**क्रमशः**

# तारकेश्वर नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**तारकेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

# नागार्जुन नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**नागार्जुन नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

# गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं ।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं ।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं ।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं ।

स्थानीय सरकार

**गोकर्णेश्वर नगरपालिका**

बागमती प्रदेश, काठमाडौं, नेपाल

समावेशी एवं समतामूलक पहुँच विस्तार गर्दै गुणस्तरिय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम (TVET) प्रदान गर्न हामी प्रतिवद्ध छौं । कार्यक्रमको दिगोपनका लागि LEARN-EARN-PAY को अवधारणा अगाल्दै TVET को विकास र विस्तार गर्ने कार्यमा प्रयत्नशील छौं ।







| पाठ्यक्रम | | | परिषद् अर्न्तगत सञ्चालित संस्थाहरू | | | | | भर्ना क्षमता | | वार्षिक छात्रवृति ८,०४६ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २८ प्रा. एसएलसी कार्यक्रम | १९९ लामो अवधिका कार्यक्रम | ४८ डिप्लोमा कार्यक्रम | ५९ आङ्गिक | २० साझेदारी | ५३४ TECS | ४२९ निजी | १,१३१ छोटो अवधिका | ३८,९७६ ३ वर्षे डिप्लोमा/प्रमाणपत्र तहमा | ३५,८८७ १८ महिने प्राविधिक एसएलसी तहमा | ४५,००० छोटो अवधिको तालिम |






**CTEVT**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

COUNCIL FOR TECHNICAL EDUCATION & VOCATIONAL TRAINING

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, सानो ठिमी, भक्तपुर research@ctevt.org.np, www.ctevt.org.np

## जनसुरक्षा...

सम्पूर्ण लोकतान्त्रिक पक्षधर राजनीतिक दल र आमनागरिक समाजले एकताबद्ध भएर सामाजिक र धार्मिक सदभाव अक्षुण्ण राख्नुपर्छ।' उनले सरकार यस दिशामा सचेततापूर्वक अघि बढेको समेत धारणा व्यक्त गरे।

चाडपर्वका समयमा हुनसक्ने आपराधिक घटना, उपभोग्य सामानमा हुनसक्ने अस्वभाविक मूल्यवृद्धि, चोरी तथा जनधनको सुरक्षामा सबैको चासो मुखरित गर्न पनि अन्तर्क्रिया कार्यक्रम आयोजना गरिएको समेत उपप्रधान तथा गृहमन्त्री श्रेष्ठले बताए। उनले सबै किसिमका विभेदको अन्त्य, जोखिम न्यूनीकरण, प्रकोप पीडितको प्रभावकारी उद्धार एवं राहत, लागुऔषधको नियन्त्रण जस्ता प्राथमिकतामा परिणाममुखी काम गरिनुपर्ने सम्बद्ध अधिकारीहरुलाई सुझाव दिए।

सोही क्रममा गृहमन्त्री श्रेष्ठले मिटरब्याजी र पीडितबाट रकम असुल्ने गरिएको गुनासो सुनिएकोतर्फ सम्बद्ध अधिकारीको ध्यानाकर्षण गराएका थिए। उनले अब जिल्ला प्रहरी कार्यालयमा महिला सेल भएजस्तै दलित सेल समेत स्थापना गर्न निर्देशन दिइसकिएको जानकारी दिए।

यसैबीच प्रदेशका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायका प्रमुख, नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका मधेस प्रदेश प्रमुखका धारणा उपप्रधानमन्त्री श्रेष्ठले सुनेका थिए।

कार्यक्रममा मधेस प्रदेशका कार्यवाहक मुख्यमन्त्री कृष्णप्रसाद यादव, प्रदेशका अन्य मन्त्रीहरु, गृह मन्त्रालयका सचिव दिनेश भट्टराईसहितका उच्चअधिकृत, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका विशिष्ट अधिकारीको सहभागिता रहेको थियो।

# लुम्बिनी प्रदेशका एमाले नेता माओवादी केन्द्रमा प्रवेश

**काठमाडौं।** नेकपा (एमाले)का परित्याग गरी लुम्बिनी प्रदेश सचिवालय सदस्य शान्तिदेवी हरिजनसहितका नेता तथा कार्यकर्ता नेकपा (माओवादी केन्द्र)मा प्रवेश गरेका छन्।

माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालसँग उनको सरकारी निवास बालुवाटारमा भेटवार्ता गरेपछि उनीहरुले पार्टी परित्याग गरी माओवादी केन्द्रमा प्रवेश गरेका हुन्।

प्रधानमन्त्री एवं अध्यक्ष दाहालले एमाले लुम्बिनी सचिवालय सदस्य हरिजन, लुम्बिनी प्रदेश सदस्य रामविलास यादव, कपिलवस्तु जिल्ला सदस्य सन्दिप मौरिया, अधिकारकर्मी एवं प्राध्यापक सञ्जयकुमार पासीलगायत नेता कार्यकर्तालाई आफ्नो पार्टीमा भित्र्याएका थिए।

विसं २०७० मा संविधानसभा सदस्य हरिजन र यादव एमाले निकट किसान महासंघका केन्द्रीय सदस्य रहँदै आएका उनीहरुलाई पार्टीमा स्वागत गर्दै प्रधानमन्त्री दाहालले मुलुकमा अस्थिरता निम्त्याउने शक्ति सल्बलाइरहेकाले उत्पीडित समुदाय एक हुनुपर्ने जोड दिए। अध्यक्ष दाहालले पार्टी प्रवेश गर्नेलाई उचित जिम्मेवारी र भूमिका दिइने प्रतिबद्धता व्यक्त गरेका थिए।

# नेपालगञ्जमा निषेधाज्ञा क्रमशः खुकुलिँदै




**काठमाडौं।** बाँकेस्थित नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा निषेधाज्ञा खुकुलो बनाइएको प्रमुख जिल्ला अधिकारी विपीन आचार्यले जानकारी दिएका छन्। प्रजिअ आर्चायले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम बिहान ८ बजेदेखि राति ८ बजेसम्म लागि निषेधाज्ञा हटाइएको जानकारी दिएका हुन्।

मंगलबारदेखि उपमहानगर क्षेत्रभित्र लगाइएको अनिश्चितकालीन निषेधाज्ञा पूर्वमा राप्ती नदी पुल, पश्चिममा खजुरा रोडको इन्द्रपुर जाने बाटो, उत्तरमा राँझा चोक र दक्षिणमा जमुनाहनाकाको चार किल्लामा जारी रहने पनि जिल्ला प्रशासन कार्यालय बाँकेले जनाएको छ।

स्थानीय प्रशासन ऐनको दफा ३(क) बमोजिम चार किल्लाभित्र कुनै प्रकारको भेला, जुलुस, सभा, बैठक, प्रदर्शन, प्रचार-प्रसार सामग्री टाँस्न वा लेख्न नपाइने र हुलदंगा वा अशान्ति गर्ने उद्देश्यले एकैठाँउमा पाँच जनाभन्दा बढी मानिस जम्मा हुन नपाउने निषेधाज्ञामा उल्लेख गरिएको थियो।

जिल्लामा शान्ति सुव्यवस्था कायम गर्न, सार्वजनिक सम्पत्तिको संरक्षण, सामाजिक सद्भाव कायम राख्दै मानवअधिकारको सम्मान गर्न अनुरोध गर्दै स्थानीय प्रशासनले सार्वजनिक स्थानमा होहल्ला गर्नेजस्ता अवाञ्छित क्रियाकलाप तथा कुनै पनि व्यक्तिको निजी जीवनमा असर पार्ने खालका कार्य नगर्न र नगराउन अपिल गरेको छ।

निषेधाज्ञा खुकुलो बनाउन जिप्रका बाँकेमा बसेको सर्वपक्षीय बैठकले जिल्ला सुरक्षा समितिमा सिफारिस गर्दै सामाजिक सदभाव कायम राख्न र सदभाव भड्किन नदिने प्रतिबद्धता व्यक्त गरेको थियो। सबै क्षेत्रको सहभागिता हुने गरी सदभाव र्‍याली आयोजना गर्ने निर्णय समेत सोही सर्वदलीय बैठकले निर्णय गरेको थियो।

सामाजिक सञ्जालमा आएको विषयलाई लिएर हिन्दू र मुस्लिम समुदायबीचको सदभाव भड्किँदा त्यसले उग्ररुप लिँदा नेपालगञ्ज तनावग्रस्त बनेको थियो।

सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूबाट प्रदान गरिने सेवा-सुविधा सम्बन्धमा कुनै किसिमको दुःख-कष्ट वा अनावश्यक ढिलासुस्ती, झण्झट वा अप्ठ्यारा भोग्नुपरेमा सोको सूचना र सेवा प्रवाह सुधारको लागि कुनै सुझाव भए राष्ट्रिय सतर्कता केन्द्रमा जानकारी गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कागेश्वरी मनोहरा नगरपालिकाको अनुरोध !**

- सबै पालिकावासीले आफ्नो टोल, चोक, गल्ली, बाटोघाटोका साथै सबै सार्वजनिक जग्गा, मठ–मन्दिर, पाटी–पौवा, नदीनाला र अन्य सार्वजनिक स्थलको संरक्षण गरौं।
- पालिकालाई बुझाउनुपर्ने कर– सम्पत्ति कर, बहाल कर, मालपोत तथा भूमिकर, व्यवसायकरलगायत अन्य सबै किसिमका कर तथा दस्तुर समयमै तिरौं।
- पालिका क्षेत्रभित्र व्यवसाय गर्ने सबै प्रकारका व्यवसायीले अनिवार्यरूपमा आफ्नो व्यवसाय वडा कार्यालय र पालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं।
- व्यक्तिगत घटना (जन्म, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र मृत्यु) घटना घटेको ३५ दिनभित्र वडा कार्यालयमा अनिवार्यरूपमा दर्ता गर्ने गरौं।
- पालिकाका हरेक विकास निर्माण कार्यमा सबै पालिकावासीहरूले सहयोग गरौं।

स्थानीय सरकार
कागेश्वरी मनोहरा नगरपालिका
बागमती प्रदेश, काठमाडौं, नेपाल

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं